

# बजार अवलोकन ३४

असोज, २०६८


**निम्न संस्थाहरुद्वारा संयुक्त रुपमा प्रकाशित :**

विश्व खाद्य कार्यक्रम– खाद्य सुरक्षा अनुगमन तथा विश्लेषण प्रणाली

कृषि तथा सहकारी मन्त्रालय कृषि विभाग, कृषि व्यावसाय प्रवर्धन तथा बजार विकास निर्देशनालय

नेपाल उद्योग वाणिज्य महासंघ/कृषि उद्यम केन्द

उपभोक्ता हित संरक्षण मञ्च


WFP wfp.org FNCCI

## मुख्य बुँदाहरु

- ***आपूर्तिमा सुधार आउनाका साथै मकै बाली भिञ्चाई सकिएको र धान बाली भिञ्चाउने प्रक्रिया सुरु भएको हुनाले २०६८ भाद्र महिनाको तुलनामा असोज महिनामा अनुगमन गरिएका प्राय खाद्य बस्तुहरुको मूल्य घट्दो क्रममा छ ।***
- ***ढुवानी खर्चमा हुने वृद्धिले खाद्यान्न मूल्य वृद्धि गराउन सक्ने हुनाले ईन्धनको मूल्यमा भएको निरन्तर वृद्धि चासोको विषय रहेको छ ।***
- ***हिमाली तथा पहाडी राजमार्गहरुमा यातायात सुविधा सुचारु भएको र हिउँदे सडकहरु मुख्य राजमार्गसँग जोडिएको हुनाले गत केही महिनाको तुलनामा देश भर आपूर्ति अवस्थामा सुधार आएको छ ।***

## राष्ट्रिय रुपमा बजारको अवस्था

### मूल्य

कृषि तथा सहकारी मन्त्रालय र विश्व खाद्य कार्यक्रम द्वारा अनुगमन गरिएका प्राय खाद्य बस्तुहरुको मूल्यले गत एक महिनामा घट्दो क्रम देखाएको छ । २०६८ असोज महिनामा मोटा चामल र गहुँको पिठोको मूल्यमा क्रमश: ६.१ प्रतिशत र १.७ प्रतिशतले कमी आई प्रति किलो रु. ३४.३ र रु. ३६.१ भयो भने मास र मुसुरोको मूल्यमा क्रमश: ३.२ प्रतिशत र ७.४ प्रतिशतका दरले कमी आई प्रति किलो रु. १०९.२ र रु. ९०.२ भयो । त्यसैगरी, खाने तेल (तोरी र भटमास) को राष्ट्रिय औसत मूल्य २.० प्रतिशतका दरले घट्यो । यद्यपि, आलुको औसत मूल्य भने ४.९ प्रतिशतका दरले वृद्धि भई रु. २९.९ प्रति किलो भयो । २०६८ असारको तुलनामा आलु बाहेक प्राय खाद्य बस्तुहरुको मूल्यले घट्दो प्रवृत्ति (trend) देखाएको छ भने गत वर्ष यही समयको तुलनामा मोटा चामल र दालहरु को मूल्य घट्दो क्रममा छ तर खाने तेल र गहुँको पिठोको मूल्यले भने सोही समयको तुलनामा बढ्दो प्रवृत्ति देखाएको छ ।

तराइ र पहाडी बजारहरुमा खाद्यान्न मूल्यमा आएको सामान्य कमी (मोटा चामलको मूल्य ५.० प्रतिशत भन्दा कमका दरले घटेको) को तुलनामा सडक पहुँच भएका हिमाली तथा पहाडी बजारहरुमा अनुगमन गरिएका प्राय खाद्य बस्तुहरुको मूल्यले उल्लेख्य रुपमा कमी (मोटा चामलको मूल्यमा १३.० प्रतिशत कमी) आएको देखाएको छ जसले राम्रो सडक पहुँच र उत्पादनमा भएको बृद्धिका कारणले बजार आपूर्तिमा आएको सुधारलाई संकेत गरेको छ । उद्योग वाणिज्य महासंघ/ कृषि उद्यम केन्द्र द्वारा अनुगमन गरिएका पाँच ठूला बजारहरु (बिर्तामोड, काठमाडौं, बुटवल, सुर्खेत र धनगढी) मा गत महिना तोरीको तेल (१.१ प्रतिशत ले बढेको) बाहेक प्राय खाद्य बस्तुहरुको थोक मूल्यमा १.० देखि ५.० प्रतिशतका दरले कमी आएको पाइयो ।

ईन्धनको मूल्य निरन्तर रुपमा बढीरहेको छ । नेपाल सरकारले दुई महिनाको अवधिमा डिजल र मट्टितेलको मूल्य तेस्रो पटक बृद्धि गरी रु. ७५.० बाट रु. ७६.० पुऱ्याएकोछ । ईन्धनको मूल्यमा भएको निरन्तर वृद्धिले ढुवानी लागतमा बृद्धि गराई खाद्यान्न मूल्यमा समेत बृद्धि गराउने सम्भावना छ ।

नेपाल राष्ट्र बैक द्वारा भाद्र महिनामा प्रकाशित गरिएको वार्षिक उपभोक्ता मूल्य सूचकाङ्क ८.५ प्रतिशतमा कायम रहयो भने खाद्य तथा पेय पदार्थको सूचकाङ्क १०.१ प्रतिशतका दरले बृद्धि भयो । गत वर्ष यही समयको (१६.७ % ले बृद्धि भएको) तुलनामा अन्नहरुको मूल्य भने ०.६ प्रतिशतका दरले मात्र बढेको पाइयो । अन्नहरुको मूल्य सूचकाङ्कमा भएको यो न्यूनतम् बृद्धि यस वर्ष गत वर्षको तुलनामा आन्तरीक खाद्यान्न वासलातमा भएको उल्लेखनिय सुधारका कारणले भएको हुन सक्दछ ।

### आपूर्ति

यातायात सुविधामा सुधार आउनाका साथै मकै बाली भिञ्चाइएको र धान बाली भिञ्चाउने क्रम सुरु भएको हुनाले देशभर समग्र आपूर्ति अवस्थामा सुधार आएको छ । गत दुई महिनामा कुनै पनि किसीमका ठूला बन्द हडतालका कार्यक्रमहरु नभई यातायात सुविधा सुचारु भएको हुनाले प्राय खाद्य बस्तुहरुको मूल्य न्यून रहनमा मद्दत पुऱ्यायो । विश्व खाद्य कार्यक्रमका फिल्ड मनिटरहरुका अनुसार, पश्चिमी हिमाली तथा पहाडी जिल्लाका केही क्षेत्रमा असिनाका साथमा परेको अविरल वर्षाले भिञ्चाउन तयारी अवस्थामा रहेको धान बाली नष्ट गरेको छ । असिनापातबाट भएको क्षतीको सही विवरण निकटबाट अनुगमन गर्न जरुरी छ ।

### पूर्वानुमान

वर्षे बाली भिञ्चाइने हुनाले आउँदो महिनामा प्राय खाद्य बस्तुहरुको मूल्य घट्ने अनुमान छ । यद्यपि, बेमौसमी समयका कारण आपूर्तिमा कमि आउन सक्ने हुनाले तरकारीको मूल्य भने बढ्दि हुने अनुमान छ । सरकारले यातायात लागतमा गरेको १०.० प्रतिशत बृद्धिले विशेष गरी खाद्य असुरक्षित क्षेत्रहरुमा खाद्यान्न मूल्य बृद्धि गराउन सक्नेछ । भारतमा हालै ईन्धनको मूल्यमा भएको बृद्धिले नेपालमा पनि ईन्धनको मूल्यमा बृद्धि गराउने सम्भावना छ ।

धान बाली भिञ्चाउने कार्य भइरहेको छ, प्रारम्भिक सूचकाङ्कहरुले गत वर्षको तुलनामा यस वर्ष अझ राम्रो उत्पादन हुने संकेत गरेको छ ।

**मुख्य खाद्यवस्तुहरुको मूल्यमा भएको अत्यधिक परिवर्तन**

| खाद्यवस्तु | मूल्य ने रु/केजि, लि | % परिवर्तन १ महिना | अवलोकन |
|---|---|---|---|
| मुसुरो | ९०.२ | -७.४ | राम्रो उत्पादनका कारण खाद्य सँचितीमा सुधार |
| मोटा चामल | ३४.३ | -६.१ | आपूर्तिमा सुधार आएको र बाली भिञ्चाउने मौसम भएको |

**१२ महिनाको औसत मूल्य ***




**मूल्य परिवर्तन प्रतिशतमा ** (३ महिना र १ वर्ष)**




नेपालको खाद्य सुरक्षा सम्बन्धि ताजा जानकारीकालागि खाद्य सुरक्षा अनुगमन तथा विश्लेषण प्रणाली (NeKSAP) को विद्युतिय ठेगाना **http://www.sites.google.com/site/nefoodsec** मा हेर्न सकिनेछ ।

† मूल्यहरु असोज महिनाको मूल्य सँग सम्बन्धित छन् ।

* मूल्यहरु यस प्रतिवेदनको पछाडी पट्टी दिईएको बजारहरुबाट लिइएको हो । तर सडक नपुगेका हिमाली तथा पहाडी बजारहरु यसमा समावेश छैनन् ।

** मूल्य परिवर्तन यस प्रतिवेदनमा भएका सम्पूर्ण बजारहरुसंग सम्बन्धित छन् ।



नेपाल खाद्य सुरक्षा अनुगमन प्रणाली
Nepal Khadhya Surakshya Anugaman Pranali (NeKSAP)
Nepal Food Security Monitoring System

# बजार अवलोकन-३४

## मुख्य खाद्य बस्तुहरुको खुद्रा मूल्य- असोज, २०६८

| बजार | मुख्य खाद्य बस्तुहरु | हालको मूल्य (नेरु/केजि नेरु/लि) | मूल्यमा परिवर्तन (%) * १ महिना | ३ महिना | १ वर्ष | औसत मासिक परिवर्तन १म | ३ म | १ वर्ष |
|---|---|---|---|---|---|---|---|---|
| **मूख्य उपभोक्ता बजार** | | | | | | | | |
| काठमाडौं | मोटा चामल | ३४.० | -२.९ | -२.९ | -२.९ | ▶ | ▶ | ▶ |
| | गहुँको पिठो | ३६.० | ०.० | ०.० | ५.९ | ▶ | ▶ | ▶ |
| | भटमासको तेल | १२३.० | -१.६ | ०.० | २६.८ | ▶ | ▶ | ▲ |
| | कुखुराको मासु | २२५.० | -६.३ | ४.७ | -११.६ | ▼ | ▶ | ▶ |
| | तोरीको तेल | १३३.० | ३.१ | २.३ | २६.७ | ▶ | ▶ | ▲ |
| | मास | १०५.० | ०.० | ०.० | -१०.३ | ▶ | ▶ | ▶ |
| | मुसुरो | ९०.० | -५.३ | -१४.३ | -३.२ | ▼ | ▼ | ▶ |
| | आलु | ३५.० | १६.७ | ७५.० | -१६.७ | ▲ | ▲ | ▼ |
| पोखरा | मोटा चामल | ४२.० | -६.७ | -४.५ | ०.० | ▼ | ▶ | ▶ |
| | गहुँको पिठो | ३५.० | ०.० | -७.९ | २.९ | ▶ | ▶ | ▶ |
| | भटमासको तेल | १२१.० | ०.८ | ०.८ | १५.२ | ▶ | ▶ | ▲ |
| | कुखुराको मासु | २७०.० | ०.० | ३.८ | -३.६ | ▶ | ▶ | ▶ |
| | तोरीको तेल | १५०.० | ३.४ | ७.१ | ३.४ | ▶ | ▶ | ▶ |
| | मास | ११०.० | १.९ | -४.३ | -१५.४ | ▶ | ▶ | ▼ |
| | मुसुरो | ८५.० | -१०.५ | -१०.५ | -१५.० | ▼ | ▼ | ▶ |
| | आलु | २७.८ | -१०.९ | ११.२ | -७.३ | ▼ | ▲ | ▶ |
| **क्षेत्रीय तराई बजार** | | | | | | | | |
| विराटनगर | मोटा चामल | ३०.० | ७.१ | ७.१ | -११.८ | ▲ | ▶ | ▶ |
| | गहुँको पिठो | ३०.० | ०.० | ०.० | ३.४ | ▶ | ▶ | ▶ |
| | भटमासको तेल | १२५.० | २.५ | ५.० | ३८.९ | ▶ | ▶ | ▲ |
| | कुखुराको मासु | २४०.० | ०.० | ९.१ | -१.६ | ▶ | ▶ | ▶ |
| | तोरीको तेल | १४०.० | ०.० | ७.७ | २१.७ | ▶ | ▶ | ▲ |
| | मास | १००.० | -९.१ | ४.२ | -१६.७ | ▼ | ▶ | ▼ |
| | मुसुरो | ७५.० | ०.० | ०.० | -१०.७ | ▶ | ▶ | ▶ |
| | आलु | २७.३ | २४.१ | ७०.६ | -९.० | ▲ | ▲ | ▶ |
| विरगंज | मोटा चामल | ३६.८ | ५.१ | २.२ | -८.९ | ▲ | ▶ | ▶ |
| | गहुँको पिठो | ३१.० | ०.० | १४.८ | -८.८ | ▶ | ▲ | ▶ |
| | भटमासको तेल | १३०.० | ०.० | ११.१ | १८.२ | ▶ | ▲ | ▲ |
| | कुखुराको मासु | २४०.० | ०.० | ०.० | -७.७ | ▶ | ▶ | ▶ |
| | तोरीको तेल | १५०.० | ७.१ | १५.४ | २५.० | ▲ | ▲ | ▲ |
| | मास | ९२.० | -२.१ | -२.१ | -१७.९ | ▶ | ▶ | ▼ |
| | मुसुरो | ७५.० | -१२.८ | -३.८ | -१६.७ | ▼ | ▶ | ▼ |
| | आलु | २४.४ | १६.२ | २२.० | १०.९ | ▲ | ▲ | ▶ |
| नेपालगंज | मोटा चामल | - | - | - | - | - | - | - |
| | गहुँको पिठो | - | - | - | - | - | - | - |
| | भटमासको तेल | - | - | - | - | - | - | - |
| | कुखुराको मासु | - | - | - | - | - | - | - |
| | तोरीको तेल | - | - | - | - | - | - | - |
| | मास | - | - | - | - | - | - | - |
| | मुसुरो | - | - | - | - | - | - | - |
| | आलु | - | - | - | - | - | - | - |
| धनगढी | मोटा चामल | ३६.० | -१४.३ | -५.३ | १६.१ | ▼ | ▶ | ▲ |
| | गहुँको पिठो | ३०.० | -६.३ | -३.२ | १४.५ | ▼ | ▶ | ▶ |
| | भटमासको तेल | १००.० | -४.८ | ०.० | ०.० | ▶ | ▶ | ▶ |
| | कुखुराको मासु | २५०.० | ४.२ | ४.२ | ०.० | ▶ | ▶ | ▶ |
| | तोरीको तेल | १३१.० | -४.४ | ३.१ | १३.५ | ▶ | ▶ | ▶ |
| | मास | १३२.० | -१०.८ | -५.७ | -१७.५ | ▼ | ▶ | ▼ |
| | मुसुरो | १००.० | ६.४ | ०.० | ०.० | ▲ | ▶ | ▶ |
| | आलु | ४०.० | ३३.३ | ३३.३ | १००.० | ▲ | ▲ | ▲ |
| भैरहवा | मोटा चामल | २८.० | -६.७ | -६.७ | -३.७ | ▼ | ▶ | ▶ |
| | गहुँको पिठो | ३६.० | ३३.३ | ३३.३ | - | ▲ | ▲ | - |
| | भटमासको तेल | ९०.० | -४.३ | ०.० | - | ▶ | ▶ | - |
| | कुखुराको मासु | २४०.० | -७.७ | -७.७ | - | ▼ | ▶ | - |
| | तोरीको तेल | १५०.० | ०.० | ०.० | - | ▶ | ▶ | - |
| | मास | ११०.० | -९.८ | -९.८ | - | ▼ | ▶ | - |
| | मुसुरो | ९०.० | -२५.० | -२५.० | - | ▼ | ▼ | - |
| | आलु | १५.० | ०.० | ०.० | - | ▶ | ▶ | - |
| **सडक पहुँच भएका हिमाली तथा पहाडी बजारहरु** | | | | | | | | |
| धनकुटा | मोटा चामल | ३०.० | -६.३ | -१४.३ | -१४.३ | ▼ | ▶ | ▶ |
| | गहुँको पिठो | ३०.० | -६.३ | -६.३ | -११.८ | ▶ | ▶ | ▶ |
| | भटमासको तेल | १२५.० | ०.८ | ४.२ | २५.० | ▶ | ▲ | ▲ |
| | कुखुराको मासु | ३००.० | ०.० | ३०.४ | -६.३ | ▶ | ▲ | ▶ |
| | मास | ११०.० | ३.८ | -११.३ | -८.३ | ▶ | ▼ | ▶ |
| | मुसुरो | ८२.० | ३.८ | ३.८ | -१८.० | ▶ | ▶ | ▼ |
| | आलु | ३०.० | -१४.३ | ३६.४ | ०.० | ▼ | ▲ | ▶ |
| रोल्पा | मोटा चामल | २५.० | -३४.२ | -३४.२ | - | ▼ | ▼ | - |
| | गहुँको पिठो | ३३.० | -२१.४ | -४९.२ | - | ▼ | ▼ | - |
| | भटमासको तेल | ११०.० | -१५.४ | -१५.४ | - | ▼ | ▼ | - |
| | कुखुराको मासु | २७०.० | ०.० | -३.६ | - | ▶ | ▶ | - |
| | मास | १२५.० | १३.६ | ४.२ | - | ▲ | ▶ | - |
| | मुसुरो | १०५.० | १०.५ | -१९.२ | - | ▲ | ▼ | - |
| | आलु | ३५.० | -१२.५ | -१२.५ | - | ▼ | ▼ | - |
| साँफेबगर | मोटा चामल | - | - | - | - | - | - | - |
| | गहुँको पिठो | - | - | - | - | - | - | - |
| | भटमासको तेल | - | - | - | - | - | - | - |
| | कुखुराको मासु | - | - | - | - | - | - | - |
| | मास | - | - | - | - | - | - | - |
| | मुसुरो | - | - | - | - | - | - | - |
| | आलु | - | - | - | - | - | - | - |
| जुम्ला | मोटा चामल | ४५.० | ०.० | ०.० | ०.० | ▶ | ▶ | ▶ |
| | गहुँको पिठो | ६०.० | ०.० | ०.० | ०.० | ▶ | ▶ | ▶ |
| | भटमासको तेल | १४०.० | ०.० | ०.० | -१२.५ | ▶ | ▶ | ▶ |
| | कुखुराको मासु | ३२०.० | ०.० | ०.० | ०.० | ▶ | ▶ | ▶ |
| | मास | १००.० | ०.० | ०.० | -९.१ | ▶ | ▶ | ▶ |
| | मुसुरो | १००.० | ०.० | ०.० | - | ▶ | ▶ | - |
| | आलु | ३५.० | ०.० | -१२.५ | ७५.० | ▶ | ▼ | ▲ |
| बाजुरा | मोटा चामल | ३५.० | ०.० | -१२.५ | ७५.० | ▶ | ▼ | ▲ |
| | गहुँको पिठो | ३५.० | -५.४ | -७.९ | - | ▼ | ▶ | - |
| | सीमी | १२०.० | ५०.० | ०.० | ०.० | ▲ | ▶ | ▶ |
| | मास | ११०.० | -८.३ | -४.३ | - | ▼ | ▶ | - |
| | मुसुरो | १००.० | -१६.७ | -१३.० | - | ▼ | ▼ | - |
| | आलु | २५.० | ०.० | ०.० | - | ▶ | ▶ | - |
| **सडक पहुँच नभएका हिमाली तथा पहाडी बजारहरु** | | | | | | | | |
| हुम्ला | मोटा चामल* | ३०.० | -२५.० | -२५.० | -२५.० | ▼ | ▼ | ▼ |
| | गहुँको पिठो | २३०.० | ०.० | ०.० | ४.५ | ▶ | ▶ | ▲ |
| | भटमासको तेल | २८०.० | ०.० | ०.० | ०.० | ▶ | ▶ | ▶ |
| | सीमी | १००.० | ०.० | -९.१ | ४२.९ | ▶ | ▶ | ▲ |
| | मास | - | - | - | - | - | - | - |
| | मुसुरो | - | - | - | - | - | - | - |
| | आलु | ३०.० | ०.० | -२५.० | २०.० | ▶ | ▼ | ▲ |
| डोल्पा | मोटा चामल | १००.० | ०.० | ५.३ | ५.३ | ▶ | ▶ | ▶ |
| | गहुँको पिठो | १३०.० | ०.० | १८.२ | ०.० | ▶ | ▲ | ▶ |
| | भटमासको तेल | २३०.० | ०.० | १५.० | १५.० | ▶ | ▲ | ▶ |
| | सीमी | २००.० | ०.० | ३३.३ | ६६.७ | ▶ | ▲ | ▲ |
| | मास | १७०.० | ०.० | ०.० | ०.० | ▶ | ▶ | ▶ |
| | मुसुरो | २००.० | ०.० | ०.० | ०.० | ▶ | ▶ | ▶ |
| | आलु | ४०.० | ०.० | ०.० | ०.० | ▶ | ▶ | ▶ |

▲ सामान्य मूल्य परिवर्तन भन्दा मूल्य बढेको
▶ सामान्य मूल्य परिवर्तन
▼ सामान्य मूल्य परिवर्तन भन्दा मूल्य घटेको

यदि मूल्य परिवर्तन १ महिनामा ५ % सम्म, ३ महिनामा १० % सम्म अथवा १ वर्षमा १५ % सम्म भएमा त्यसलाई सामान्य मानिने छ ।

* यो नेपाल खाद्य संस्थान द्वारा वितरीत चामल हो किनभने त्यहाँ अन्य खाद्य सँचिती उपलब्ध छैन ।

यो **बजार अवलोकन** विश्व खाद्य कार्यक्रम, नेपालले कृषि व्यवसाय प्रवर्धन तथा बजार विकास निर्देशनालय, नेपाल उद्योग वाणिज्य महासंघ तथा उपभोक्ता हित संरक्षण मञ्चको संयुक्त सहकार्यमा नेपाल खाद्य सुरक्षा अनुगमन प्रणाली NeKSAP को एक पाटोका रुपमा तयार पारेएको हो । नेपाल खाद्य सुरक्षा अनुगमन तथा विश्लेषण प्रणाली द्वारा प्रकाशीत सम्पूर्ण सामाग्रीहरु NeKSAP को विद्युतिय ठेगाना http://www.sites.google.com/site/nefoodsec मा हेर्न सकिनेछ । थप जानकारीको लागि पो. ब. १०७, टेलिफोन : ५२६०६०७ एक्सटेन्सन नं.: २४२०–५ मा सम्पर्क राख्न सकिनेछ ।

यो परियोजना यूरोपीयन यूनियन अन्तर्गत खाद्य सहयोग कोषको सहयोगमा सञ्चालित छ ।
यस बुलेटिनमा प्रकासित विचारहरुले यूरोपीयन यूनियनको विचारहरुलाई प्रतिविम्वित गर्दछ भन्ने कूनै जरुरी छैन ।